प्रमाणिकरण गरिएको छ।

निरेन्द्र मामगी
नगर प्रमुख

# हनुमाननगर कंकालिनी नगरपालिका शिक्षा ऐन, २०८०

स्थानीय राजपत्रमा प्रकाशित मिति २०८०।......।.....

## प्रस्तावना

देश विकासको लागि सबै बालबालिका एवं युवाका लागि उच्च गुणस्तरको मानवीय ज्ञान, सीप दिनर सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम गर्दै हनुमाननगर कंकालिनी नगरपालिकामा स्थापना हुने तथा स्थापना भई सञ्चालन भइरहेका विद्यालयहरूको व्यवस्थापनमा सुधार गरी गुणस्तरयुक्त विद्यालय शिक्षाको सुनिश्चितता गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम नगर सभाले यो ऐन तर्जुमा गरी जारी गरेको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "हनुमानननगर कंकालिनी नगरपालिका शिक्षा ऐन, २०८०" रहेको छ। (२) यो ऐन हनुमानननगर कंकालिनी नगरपालिका क्षेत्रभित्र लागुहुनेछ र तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) **"अनुमति"** भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) **"अभिभावक"** भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई सम्झनुपर्छ र सो शब्दले दफा २७ को प्रयोजनको लागि विद्यार्थीको बाबु,आमा, बाजे वा बज्यै र त्यस्ता अभिभावक नभएका विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने व्यक्ति वा संस्थालाई समेत जनाँउछ।

(ग) **"आधारभूत विद्यालय"** भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म शिक्षा दिइने विद्यालयलाई सम्झनुपर्छ।

(घ) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षालाई सम्झनुपर्छ।

(ङ) **"आधारभूत शिक्षा उत्तीर्ण परीक्षा"** भन्नाले आधारभूत तह कक्षा आठको अन्त्यमा हुने परीक्षालाई सम्झनुपर्छ।

(च) **"आयोग"** भन्नाले शिक्षक सेवा आयोगलाई सम्झनुपर्छ।

(छ) **"कार्यपालिका"** भन्नाले हनुमाननगर कंकानिलिनी नगर कार्यपालिकालाई सम्झनुपर्छ।

(ज) **"तोकिएको"** वा "तोकिएबमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।



निरेन्द्र मामगी
नगर प्रमुख

(झ) **"निरीक्षक"** भन्नाले विद्यालय निरीक्षण गर्न तोकिएको शिक्षा सेवाको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ञ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(ट) **"मन्त्रालय"** भन्नाले सङ्घीय सरकारको स्थानीय तहको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनुपर्छ ।

(ठ) **"माध्यमिक शिक्षा"** भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनुपर्छ ।

(ड) **"माध्यमिक विद्यालय"** भन्नाले खण्ड (घ) र (ठ) को परिधिभित्रको शिक्षा दिइने विद्यालयलाई सम्झनुपर्छ ।

(ढ) **"नगरपालिका"** भन्नाले हनुमाननगर कंकालिनी नगरपालिका लाई सम्झनुपर्छ ।

(ण) **"विद्यालय शिक्षा"** भन्नाले आधारभूत र माध्यमिक शिक्षालाई सम्झनुपर्छ ।

(त) **"विशेष शिक्षा"** भन्नाले दृष्टिबिहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षालाई सम्झनुपर्छ ।

(थ) **"संस्थागत विद्यालय"** भन्नाले निजी पहलमा स्थापना गरिएको सङ्घीय, प्रादेशिक वा स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनुपर्छ ।

(द) **"सभा"** भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(ध) **"समावेशी शिक्षा"** भन्नाले देहायको शिक्षालाई सम्झनुपर्छ :-

(१) दृष्टिबिहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा ।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणबाट पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा ।

(न) **"सामुदायिक विद्यालय"** भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको सङ्घीय सरकार वा हनुमाननगर कंकालिनी नगरपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयलाई सम्झनु पर्छ ।

(प) **"शिक्षक"** भन्नाले विद्यालयको अध्यापकलाई सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक तथा बालबालिका सहजकर्ता समेतलाई जनाउँछ ।

(फ) **"नगर शिक्षा अधिकारी"** भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाका शिक्षा सेवाका प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ ।

(ब) **"शिक्षा विकास तथा खेलकुद शाखा"** भन्नाले हनुमाननगर कंकालिनी नगरपालिकाको शिक्षा विकास तथा खेलकुद शाखा सम्झनुपर्छ ।

(भ) **"नगर शिक्षा समिति"** भन्नाले "हनुमाननगर कंकालिनी नगरपालिका शिक्षा ऐन, २०८०" बमोजिमको नगर शिक्षा समितिलाई सम्झनुपर्छ ।

(म) **"स्वीकृति"** भन्नाले तोकिएबमोजिमको सर्त पूरा गरेको विद्यालयलाई सङ्घीय सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ ।



नगर प्रमुख

(य) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्ति वा संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको गुठीलाई सम्झनुपर्छ ।

३. **विद्यालयको प्रकार :** विद्यालय दुई प्रकारका हुने छन् । (१) सामुदायिक विद्यालय र (२) संस्थागत विद्यालय ।

(१) सामुदायिक विद्यालयको प्रकार : (१) सामुदायिक विद्यालय निम्न प्रकारका हुनेछन्:

(क) साधारण : साविकमा सङ्घीय सरकार वा नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध भएको र शिक्षक व्यवस्थापन तोकिएबमोजिम विद्यालय व्यवस्थापन समिति र नगरपालिकाबाट संयुक्त रुपमा व्यवस्थापन हुने विद्यालय ।

(ख) एकमुष्ट अनुदानमा आधारित नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी उपलब्ध नभएका र नहुने तर विद्यार्थी संख्याको आधारमा नगरपालिकाबाट एकमुष्ट अनुदान पाउने गरी सञ्चालन हुने विद्यालय ।

(२) संस्थागत विद्यालयको प्रकार : (१) संस्थागत विद्यालय निम्न प्रकारका हुनेछन्:-

(क) कम्पनी ऐनअन्तर्गत सञ्चालित विद्यालय

(ख) शैक्षिक गुठीअन्तर्गत सञ्चालित विद्यालय

४. **विद्यालय खोल्न अनुमति लिनुपर्ने :** (१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा अनुमतिको लागि शैक्षिकसत्र सुरु हुनुभन्दा तीन महिना अगावै निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम हनुमाननगर कंकालिनी नगरपालिकामा निवेदन परेको हकमा सोउपर आवश्यक जाँचबुझ गरी विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगरपालिकाले आवश्यक कारबाही अगाडि बढाउनेछ ।

(३) उपदफा (२) र (३) बमोजिम प्राप्त कागजातहरुको अध्ययन एवं स्थलगत जाँचबुझ गर्दा तोकिएको पूर्वाधार पूरा भएको देखिएमा नगर शिक्षा अधिकारीले आधारभूत र माध्यमिक विद्यालयको हकमा शैक्षिक सत्र सुरु हुनुभन्दा तीस दिन अगावै आफ्नो राय सहितको प्रतिवेदन नगर शिक्षा समितिको बैठकमा पेस गर्नुपर्ने छ । प्रारम्भिक बाल शिक्षा केन्द्रको हकमा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा(४) बमोजिम नगर शिक्षा समितिको बैठकबाट अनुमति दिने निर्णय भएमा नगर शिक्षा अधिकारीले तोकिएको ढाँचामा अनुमति दिनेछ ।

(५) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठीमा विद्यालय सञ्चालन गर्न नगरपालिका वा सम्बन्धित वडा कार्यालयमा निवेदन दिन सक्नेछ ।

(६) उपदफा (६) बमोजिम निवेदन परेमा त्यस्तो निवेदनको कारबाही किनारा लगाउने प्रक्रिया पनि उपदफा (१), (२), (३) र (४) बमोजिम नै हुने छ ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दाका सर्त तथा मापदण्ड तोकिएबमोजिम हुनेछ ।



वीरेन्द्र मांझी
नगर प्रमुख

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न निवेदन दिएमा त्यस्तो निवेदनको कारबाही किनारा लगाउने प्रक्रिया पनि उपदफा (१), (२), (३) र ( ४) बमोजिम नै हुनेछ ।

(९) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन ।

५. **विद्यालयको सञ्चालन :** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

६. **परीक्षाको परिचालन र नियन्त्रण :** आधारभूत तह उत्तीर्ण परीक्षा र माध्यमिक तह उत्तीर्ण परीक्षाको परिचालन र नियन्त्रण तोकिए बमोजिम हुनेछ ।

७. **माध्यमिक शिक्षाको प्रकार :** माध्यमिक शिक्षाको प्रकार देहाय बमोजिम हुनेछ :-

(क) साधारण माध्यमिक शिक्षा ।

(ख) संस्कृत माध्यमिक शिक्षा ।

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

८. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

(२) कुनै विद्यालयले विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा वा खुला शिक्षा सञ्चालन गर्न चाहेमा नगरपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिएबमोजिम स्वीकृति दिन सक्नेछ ।

(३) दूरशिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि दृष्टिबिहीन, न्यून दृष्टियुक्त, पूर्ण दृष्टिबिहीन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिबिहीन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ ।

९. **शिक्षाको माध्यम :** (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछ :-

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ

(ख) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

१०. **विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तक :** नगरपालिका क्षेत्रभित्रका विद्यालयले नगरपालिकाले तोकेबमोजिमको पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्ने छ ।

११. **शिक्षक नियुक्ति तथा बढुवा :** (१) साधारण सामुदायिक विद्यालयमा संघीय सरकार वा नगरपालिकाबाट स्वीकृत दरबन्दी अनुसार रिक्त शिक्षक पदको नियुक्ति तथा त्यस्तो पदमा नियुक्त शिक्षकको बढुवा तोकिए बमोजिम हुने छ ।

नगर प्रमुख

१२. **नगर शिक्षा समिति :** (१) नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयको रेखदेख, व्यवस्थापन र समन्वय गर्ने कामको लागि हनुमाननगर कंकालिनी नगरपालिकामा देहाय बमोजिमको नगर नगर शिक्षा समिति रहनेछ :-

(क) नगरपालिकाको प्रमुख वा सो काम गर्न तोकिएको व्यक्ति - अध्यक्ष

(ख) नगरपालिकाले तोकेको गाउँपालिका वा नगरपालिकाको सदस्यहरुमध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

(ग) नगरपालिका क्षेत्रभित्र रहेका विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट नगर शिक्षा समितिले मनोनीत गरेको एकजना- सदस्य

(घ) स्थानीय समाजसेवी वा शिक्षा प्रेमीहरुमध्येबाट नगर प्रमुखको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनीत एकजना दलित र दुईजना महिला सहित तीन जना- सदस्य

(ङ) नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकहरु मध्येबाट नगरपालिकाले मनोनीत गरेको कम्तीमा एकजना महिला सहित दुईजना- सदस्य

(च) नगरपालिका स्थित विशेष शिक्षा, समावेशी शिक्षा वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालय वा अपाङ्गता सम्बन्धी शिक्षण संस्थाबाट प्रतिनिधित्व हुने गरी नगर शिक्षा समितिले मनोनीत गरेको अपाङ्गता भएका व्यक्ति एकजना- सदस्य

(छ) नगर शिक्षा समितिको हकमा सम्बन्धित शिक्षा विकास तथा खेलकुद शाखा प्रमुख सदस्य-सचिव

(२) नगर शिक्षा समिति पुनर्गठन गर्न सकिने : (१) नगर नगर शिक्षा समितिले तोकिए बमोजिमको जिम्मेवारी पूरा गर्न नसकेमा कार्यपालिकाले त्यस्तो समितिलाई पुनर्गठन गर्न सक्नेछ ।

(२) नगर शिक्षा समितिको बैठक कम्तिमा प्रत्येक चौमासिकमा एक पटक बस्नेछ ।

(३) नगर शिक्षा समितिको बैठक भत्ता कार्यपालिका सरह हुनेछ ।

(४) समितिको बैठक सञ्चालनको लागि कम्तिमा पचास प्रतिशत सदस्यको उपस्थिति आवश्यक पर्ने छ भने बैठकको निर्णय बहुमतको आधारमा हुनेछ ।

१३. **नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) शिक्षा विकास तथा खेलकुद शाखाबाट पेस भएको विद्यालय स्वीकृति, अनुमति, कक्षा तथा तह थप, विद्यालय स्थानान्तरण कार्यको स्वीकृति प्रदान गर्ने र शैक्षिक कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(ख) स्वच्छ शैक्षिक वातावरण कायम राख्न तथा शिक्षाको गुणस्तर वृद्धि गर्न शिक्षा विकास तथा खेलकुद शाखा मार्फत पेस भएको कार्ययोजना माथि छलफल गरी स्वीकृत गर्ने,

(ग) नेपाल सरकारको स्वीकृत नीति तथा निर्देशन अनुरूप विशेष आवश्यकता भएकाहरूको लागि शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा कार्यक्रम सञ्चालन सम्बन्धी आवश्यक व्यवस्था गर्ने,

(घ) विद्यालयलाई आर्थिक सहायता उपलब्ध गराउने तथा त्यस्तो सहायताको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,



नगर प्रमुख

(ङ) शिक्षक, कर्मचारी तथा विद्यार्थी कल्याणको लागि स्वीकृत शिक्षा योजना बमोजिम आवश्यक कार्यक्रम बनाउने,

(च) विद्यालयको सम्पत्तिको सुरक्षा गर्न तथा विद्यालयको समृद्धिको लागि आवश्यक व्यवस्था गर्ने,

(छ) विद्यालयको विकासको लागि सञ्चालित शैक्षिक कार्यक्रमलाई सहयोग गर्ने,

(ज) विद्यालयको लेखापरीक्षण सम्बन्धमा लेखा परीक्षकले दिएको प्रतिवेदन अनुसार आवश्यक कारबाही गर्ने/गराउने,

(ञ) विद्यालयलाई आर्थिक रूपमा आत्मनिर्भर गराउन योजना बनाई कार्य गर्ने,

(ट) विद्यालय बन्द गर्नुपर्ने भएमा कार्यपालिकामा सिफारिस गर्ने,

(ठ) शैक्षिक क्यालेण्डर बनाई विद्यालय सञ्चालन गर्न शिक्षा विकास तथा खेलकुद शाखा मार्फत व्यवस्थापन समितिलाई निर्देशन दिने,

(ड) नगरस्तरीय खेलकुद, स्काउट तथा सांस्कृतिक कार्यक्रमको सञ्चालन तथा विकासको लागि आर्थिक स्रोत जुटाउने र प्राप्त रकम खर्च गर्न शिक्षा विकास तथा खेलकुद शाखालाई निर्देशन दिने,

(ढ) आवासीय विद्यालयका विद्यार्थीका लागि खाना तथा पौष्टिक आहारको गुणस्तर तोक्न

(न) नगरपालिकाबाट स्वीकृत शिक्षा योजना र मापदण्डभित्र रही आवश्यक निर्देशन दिने,

(प) विद्यालयले कायम गर्नुपर्ने न्यूनतम सरसफाई तथा शौचालयको मापदण्ड तोक्ने,

(फ) नगर क्षेत्रभित्र विशेष आवश्यकता भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गरी उनीहरूका लागि उचित विद्यालय व्यवस्थापन गर्न आधार तयार पार्ने र सोही अनुसारको पठनपाठनको व्यवस्था मिलाउने,

(ब) विद्यालयको अनुगमन तथा सुपरिवेक्षण गरी सुधार गराउने,

(भ) छात्रवृत्ति कोष सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(म) विद्यालय शिक्षाको सुधार तथा विकासका लागि आवश्यक निर्देशिका तथा कार्यविधि बनाइ लागुगर्ने गराउने तथा नीति निर्देशन गर्ने,

१४. **कार्यपालिकाको काम, कर्तव्य र अधिकार** : (१) यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त कार्यपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन्:-

(क) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत तथा नगर शिक्षा अधिकारीलाई आवश्यक निर्देशन दिने,

(ख) शैक्षिक योजना तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यदल गठन गर्ने,

(ग) शिक्षाको गुणस्तर कायम गर्न आचार संहिता बनाई लागु गर्ने,

(घ) शिक्षक तथा कर्मचारीहरूको प्रशासन, व्यवस्थापन तथा शैक्षिक विकाससम्बन्धी कार्ययोजना स्वीकृत गर्ने र कार्यान्वयन गर्न निर्देशन दिने,

(ङ) शिक्षा कानुन बमोजिमका शिक्षा सम्बन्धी व्यवस्थाहरूको कार्यान्वयन गर्न नगर शिक्षा समितिलाई निर्देशन दिने,



नगर प्रमुख

(च) समय समयमा नगरपालिका भित्रका विद्यालयहरूको अनुगमन तथा मूल्याङ्कन गरी गराई अपेक्षित गुणस्तर कायम गर्ने,

(छ) विद्यालयमा आर्थिक व्यवस्था पारदर्शी तथा सुनिश्चित गर्न वस्तुगत आधार तथा मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ज) यस ऐनको परिधिभित्र आवश्यक विषयगत क्षेत्रहरूको मापदण्ड बनाउने,

(झ) अनौपचारिक शिक्षा, बैकल्पिक शिक्षा, विशेष शिक्षा, खुला तथा दूर शिक्षा सम्बन्धी मापदण्ड बनाई लागू गर्ने, गराउने,

(ट) शिक्षा सम्बन्धी ऐन जारी एवं संशोधन गर्न विधेयक सभामा पेस गर्ने,

(ठ) शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यक नीति नियम तर्जुमा गर्ने,

(ड) यस ऐनमा कार्यपालिकाले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि संस्थागत विद्यालयका हकमा त्यस्ता विद्यालयले पालना गर्नुपर्ने मापदण्ड, गुणस्तर, शुल्क प्रावधान, विपन्न तथा सीमान्तकृत वर्गका छात्रछात्रालाई दिने छात्रवृत्तिको आधार र प्रतिशत, शिक्षक तथा कर्मचारीहरूको सेवा, सर्त एवं पारिश्रमिक जस्ता विषयमा निर्णय गर्दा सामान्यतः संस्थागत विद्यालयहरूको संगठनको सहभागिता एवं राय परामर्श लिन सकिनेछ ।

१५. **वडा समितिको काम, कर्तव्य र अधिकार :** वडा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) विद्यालय सेवा क्षेत्र निर्धारण गर्ने,

(ख) विद्यालय बन्द गर्न, गाभ्न तथा कक्षा थपका लागि सिफारिस गर्ने,

(ग) अनौपचारिक शिक्षाको रेखदेख र कार्यान्वयन गर्ने,

(घ) वडा क्षेत्रभित्र सञ्चालित विद्यालयको अनुगमन, रेखदेख र समन्वय गरी गुणस्तर वृद्धि गर्न सुझाव र परामर्श दिई सहयोग गर्ने,

(ङ) विद्यालय नक्साङ्कन (स्कुल जोनिङ) को पूर्वाधारसहित विद्यालय भर्ना नभएका बालबालिकाको विवरण अद्यावधिक गर्ने,

(च) नगरपालिका र नगर शिक्षा समितिबाट निर्देशित तथा प्रत्यायोजित कार्य गर्ने ।

१६. **प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख तथा नगर शिक्षा समितिको प्रत्यक्ष मातहतमा रही प्रमुख प्रशासकीय अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) शिक्षालाई मौलिक हकको रूपमा कार्यान्वयन गर्न नगरपालिकाको समग्र शैक्षिक नीति, योजना, कार्यक्रमको कार्यान्वयन एवं अनुगमन गर्ने गराउने,

(ख) नगरपालिकाको कार्यसम्पादन नियमावलीमा प्रमुख प्रशासकीय अधिकृतले गर्ने भनी उल्लेख भएका शिक्षा सम्बन्धी कार्य गर्ने,

(ग) शैक्षिक समन्वयकर्ता तथा सहजकर्ताको भूमिका निर्वाह गर्ने,

(घ) कार्यपालिका तथा नगर शिक्षा समितिले प्रत्यायोजन गरेका शिक्षासम्बन्धी कार्य गर्ने,



नगर प्रमुख

(ङ) विद्यालयहरूको लेखा परीक्षणको व्यवस्था मिलाउने ।

१७. **नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रमुख, नगर शिक्षा समिति तथा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रही नगर शिक्षा अधिकारीको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) शैक्षिक कार्यक्रम कार्यान्वयन गर्ने, गराउन,

(ख) शिक्षा सम्बन्धी नगरस्तरीय योजना बनाई नगर शिक्षा समितिबाट पारित गराई कार्यान्वयन गर्ने, गराउने,

(ग) नगरपालिका क्षेत्रभित्रको शैक्षिक गतिविधि, अवस्था एवं प्रगति आदि समेटिएको शिक्षा सम्बन्धी स्थिति पत्र तयार गरी नगर शिक्षा समितिको स्वीकृति पश्चात प्रत्येक वर्षको चैत्र मसान्त भित्र प्रकाशित गर्ने,

(घ) स्वीकृत अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएका बालबालिकाका लागि शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रम कार्यान्वयन गर्ने गराउने तथा सोसम्बन्धी अभिलेख तयार गर्ने,

(ङ) विद्यार्थी सङ्ख्या घट्न गई फाजिलमा परेका सामुदायिक विद्यालयका शिक्षकलाई अर्को सामुदायिक विद्यालयमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(च) स्वीकृत कार्ययोजना अनुसार विद्यालय सञ्चालन भए नभएको सम्बन्धमा नियमित रूपले निरीक्षण र सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन तयार गर्ने,

(छ) शिक्षाको गुणस्तर बढाउनको लागि शिक्षक, प्रधानाध्यापक तथा व्यवस्थापन समितिका पदाधिकारीहरूको समय समयमा बैठक, गोष्ठी वा तालिमको सञ्चालन गर्ने,

(ज) आधारभूत तहको अन्त्यमा लिइने परीक्षा सञ्चालन गर्न परीक्षा सञ्चालन समितिको संयोजक भई कार्य गर्ने,

(झ) विद्यालयको कक्षा ५ तथा ८ को परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तर पुस्तिका झिकाइ जाँच गराउने, विद्यालयमा शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरी अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका लागि आवश्यक कार्य गर्ने,

(ञ) यस ऐनबमोजिम विद्यालयहरू सञ्चालन भए नभएको जाँचबुझ गर्ने तथा विद्यालयमा शिक्षाको गुणस्तर बढाउन, सुधार गर्न वा विद्यालय बन्द गर्नुपर्ने/नपर्ने सम्बन्धमा निरीक्षण गरी विद्यालयको स्तर बढाउनु, सुधार गर्नु वा विद्यालय बन्द गर्नुपर्ने भएमा तत्सम्बन्धी निर्णय गराई कारबाही प्रकिया अगाडि बढाउने,

(ट) आधारभूत शिक्षा उत्तीर्ण परीक्षाको लागि रजिष्ट्रेसन फाराम भरेका विद्यार्थीको नाम, थर, उमेर प्रचलित कानुन बमोजिम संशोधन गर्ने,

(ठ) नियुक्ति वा बढुवाको लागि आयोगबाट सिफारिस भई आएका शिक्षक वा कर्मचारीलाई विद्यालयमा पदस्थापना गर्ने,

(ड) सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको सेवा विवरण तथा अन्य अभिलेख अद्यावधिक गर्ने,

(ढ) शिक्षक वा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन गरी वा गर्न लगाई त्यसको विवरण आयोगमा पठाउने,



नगर प्रमुख

(ण) विद्यालय र प्रारम्भिक बाल शिक्षा केन्द्रको निरीक्षण गर्ने/गराउने,

(त) माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा परीक्षा र आधारभूत तहको अन्त्यमा हुने परीक्षालाई नियमित र मर्यादित ढङ्गबाट सञ्चालन गर्ने, गराउने,

(थ) सामुदायिक विद्यालयका लागि वितरण गरिएका दरबन्दी शैक्षिक सत्रको सुरुमा मिलान गर्न नगर शिक्षा समितिमा सिफारिस गर्ने,

(द) निरीक्षकलाई विद्यालय निरीक्षणको सूचक बनाई निरीक्षण गर्न पठाउने र निरीक्षकले विद्यालय निरीक्षण गरे नगरेको यकिन गर्न स्थलगत निरीक्षण गर्ने,

(ध) नगरपालिकाबाट विद्यालयलाई निकासा भएको रकम सदुपयोग भए नभएको अनुगमन गर्ने,

(न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने, गराउने,

(फ) विद्यालयमा लागू गरिएको पाठ्यक्रम, पाठ्यपुस्तक तथा पाठ्यसामग्री सम्बन्धमा सुधार गर्नुपर्ने र निःशुल्क पाठ्यपुस्तकको वितरण प्रणालीलाई प्रभावकारी बनाउने विषयमा व्यवस्थापन समिति तथा शिक्षकको राय लिई सुझाव पठाउने तथा सो सम्बन्धमा अन्य आवश्यक कार्य गर्ने, गराउने,

(ब) विद्यालयको लेखापरीक्षक नियुक्ति गर्ने तथा लेखा परीक्षकबाट प्राप्त प्रतिवेदनको आधारमा देखिएका अनियमितता र बेरुजु फर्छ्यौट गर्न लगाउने,

(भ) सरकारी तथा गैरसरकारी शैक्षिक परियोजनाहरूको निरीक्षण तथा समन्वय गर्ने,

(म) सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन पारित गराउने,

(य) विद्यालयको वार्षिक शैक्षिक कार्यक्रमको नियमित रूपमा अनुगमन गरी सो अनुसार गर्ने, गराउने,

(र) विद्यालय निरीक्षक र स्रोत व्यक्तिको कामको अनुगमन, सुपरिवेक्षण गरी निजहरुबाट प्राप्त निरीक्षण प्रतिवेदन उपर कारबाही गर्ने,

(ल) नगरपालिकाभित्र सञ्चालन भएका शैक्षिक तालिम केन्द्रमा शिक्षक तालिमका लागि सिफारिस गर्ने,

(व) नगर शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने, गराउने,

(श) सामुदायिक विद्यालयको स्वीकृत रिक्त दरबन्दीमा पदपूर्तिको लागि समन्वय इकाईमा लेखि पठाउने,

(ष) विद्यालयका स्वीकृत दरबन्दी तथा राहत अनुदान कोटामा शिक्षक नियुक्ति तथा सरुवा सम्बन्धमा नगर शिक्षा समितिको निर्णयानुसार कार्य गर्ने, गराउने,

(स) कार्यसम्पादनको आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक एवं कर्मचारीहरूलाई पुरस्कार तथा दण्ड दिन नगर शिक्षा समितिको निर्णयानुसार कार्यपालिका समक्ष पेश गर्ने,

(ह) निजी, धार्मिक तथा गुठी विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि कार्यपालिका समक्ष सिफारिस गर्ने,

(क्ष) विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा प्रधानाध्यापकहरूको कार्यसम्पादन करार गर्ने,

(त्र) सभा, कार्यपालिका, प्रमुख, नगर शिक्षा समिति, प्रमुख प्रशासकीय अधिकृत, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षा सम्बन्धित आयोगहरूबाट निर्देशित वा प्रत्यायोजित अन्य कार्य गर्ने,

(ज्ञ) विद्यालयमा कार्यरत सम्पूर्ण शिक्षक कर्मचारीको विदा अभिलेख राख्ने ।



नगर प्रमुख

**१८. निरीक्षकको काम, कर्तव्य र अधिकार :** यस ऐनमा अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारका अतिरिक्त निरीक्षकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रत्येक चार महिनामा आफ्नो निरीक्षण क्षेत्रभित्रका सबै विद्यालयमा कम्तिमा एक पटक स्थलगत निरीक्षण तथा सुपरिवेक्षण गर्ने र निरीक्षण तथा सुपरिवेक्षण गर्ने क्रममा प्रधानाध्यापक र व्यवस्थापन समितिसँग छलफल गरी छलफल भएको कुरा र निरीक्षण तथा सुपरिवेक्षण सम्बन्धी व्यहोरा विद्यालयको निरीक्षण पुस्तिकामा जनाउने तथा जनाउन लगाउने,

(ख) यस ऐन बमोजिम विद्यालय नियमित रूपले सञ्चालन भए नभएको, त्यस्तो विद्यालयमा भौतिक साधन सुरक्षित विद्यालय अनुरुप भए नभएको, शिक्षक पर्याप्त भए नभएको, उपलब्ध साधनको अधिकतम सदुपयोग भए, नभएको र निर्धारित स्तर बमोजिम पठनपाठन भए नभएको र समग्र शैक्षिक गुणस्तर कायम भए नभएको सम्बन्धमा प्रधानाध्यापक, शिक्षक-अभिभावक सङ्घ र शिक्षकसँग विचार विमर्श गरी सो अनुरूप भएको नदेखिएमा सुधार गर्न लगाउने,

(ग) विद्यालय निरीक्षण सम्बन्धी प्रतिवेदन नगरपालिका समक्ष पेस गरी निर्देशन बमोजिम गर्ने,

(घ) विद्यालयको विकासको लागि व्यवस्थापन समिति तथा सरोकारवालाहरू सँग सम्पर्क तथा आवश्यक सरसल्लाह र अन्तरक्रिया गर्ने,

(ङ) नमूना शिक्षण गर्ने प्रयोजनको लागि निरीक्षण क्षेत्रभित्रको रोस्टर (समूह) तयार गर्ने र समय समयमा प्रधानाध्यापक सहित शिक्षकको बैठक बोलाई शिक्षण गर्ने विषयमा देखिएका समस्या समाधानको लागि आवश्यक काम गर्ने,

(च) शिक्षक तथा विद्यालयका कर्मचारीको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख हनुमाननगर कंकालिनी नगरपालिकामा उपलब्ध गराउने,

(छ) विद्यालयको शैक्षिकस्तर वृद्धि गर्न प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरूको गोष्ठीको संयोजन गर्ने, गराउने,

(ज) परीक्षा समितिको निर्देशन बमोजिम परीक्षा सञ्चालन गर्ने, गराउने

(झ) विद्यालयको शैक्षिक तथा आर्थिक अभिलेख दुरुस्त भए नभएको निरीक्षण गर्ने, गराउने,

(ञ) आफ्नो क्षेत्रभित्रका शैक्षिक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गरी नगरपालिका समक्ष पेस गर्ने,

(ट) शिक्षकलाई तालिमको लागि सिफारिस गर्ने र तालिम प्राप्त शिक्षकको सीपको प्रयोग भए नभएको यकिन गर्न कक्षा अवलोकन गरी सुधारका लागि कार्य गर्ने,

(ठ) व्यवस्थापन समितिको बैठक नियमित रूपले बसे नबसेको जाँचबुझ गरी नबसेको भए बैठक बोलाउन प्रधानाध्यापकलाई निर्देशन दिने,

(ड) विद्यालय सञ्चालन सम्बन्धमा प्रधानाध्यापक तथा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने,

(ढ) स्रोतव्यक्तिको कामको अनुगमन गरी प्रत्येक महिना नगरपालिका समक्ष प्रतिवेदन पेस गर्ने,

(ण) विद्यालयका शिक्षक तथा कर्मचारीको बिदाको अभिलेख शैक्षिक सत्रको अन्त्यमा प्रमाणित गर्ने र विद्यालयमा राख्न लगाउने,

(त) शिक्षक तथा कर्मचारीको हाजिरी अभिलेख दुरुस्त भए नभएको जाँच वा निरीक्षण गरी बिदा नलिई अनुपस्थित हुने शिक्षक तथा कर्मचारीको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउसहित



नगर प्रमुख

कारबाहीको लागि सम्बन्धित विद्यालय व्यवस्थापन समिति र नगर शिक्षा अधिकारीलाई सिंफारिस गर्ने,

(थ) आफनो क्षेत्रभित्र सञ्चालन गरिएका अनौपचारिक शिक्षा, विशेष आवश्यकता भएकाहरुका लागि शिक्षा, समावेशी शिक्षा र शिक्षाको लागि खाद्य कार्यक्रमको नियमित रूपमा निरीक्षण तथा अनुगमन गरी नगर शिक्षा अधिकारी समक्ष प्रतिवेदन पेस गर्ने,

(द) संस्थागत तथा धार्मिक प्रकृतिका विद्यालयको अनुगमन गरी स्वीकृत मापदण्डको पालना गर्न लगाउने र तदनुसार पुरस्कार र दण्डको लागि नगरपालिका समक्ष सिफारिस गर्ने,

(ध) जीवनपर्यन्त शिंक्षा र जिवनोपयोगी शिक्षाको उचित प्रबन्ध गर्ने गराउने,

(न) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने

(प) शिक्षा विकास तथा खेलकुद शाखाले तोकेबमोजिम थप कार्य गर्ने, गराउने,

(फ) नगरपालिकाले प्रत्यायोजन गरेका शिक्षासम्बन्धी कार्यहरु गर्ने, गर्न लगाउने ।

१९. **सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने :** नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाई समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ ।

२०. **अध्यापन अनुमतिपत्र लिनुपर्ने :** (१) यो ऐन प्रारम्भ भएपछि अध्यापन अनुमतिपत्र नलिई कसैले पनि सामुदायिक विद्यालयको शिक्षक पदको लागि उम्मेदवार हुन पाउने छैन ।

(२) उपनियम (१) बमोजिम अध्यन अनुमतिपत्र प्राप्त शिक्षक पदपूर्ती हुन नसकेमा अध्यापन अनुमतीपत्र नलिएकालाई उम्मेदवार हुन बाधा पर्ने छैन ।

२१. **अनुदानको व्यवस्था :** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिने छ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्तो विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौति गर्न सकिनेछ ।

(२) अनुमति प्राप्त सामुदायिक विद्यालयलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराइनेछ ।

२२ **छात्रवृत्तिको व्यवस्था गर्न सक्ने :** नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

२३. **प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्ने :** नगरपालिकाले नगरपालिकाको सहयोगमा खोलिएका वा यो ऐन प्रारम्भ हुँदाका बखत संघीय सरकारबाट अनुदान प्राप्त गरी रहेका प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिम अनुदान दिन सक्नेछ ।

२४. **प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था :** प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२५. **विद्यालय स्वायत्तरुपमा सञ्चालन गर्न सकिने :** (१) विद्यालय व्यवस्थापन समितिले कुनै सामुदायिक विद्यालय स्वायत्तरुपमा सञ्चालन गर्न चाहेमा तोकिएका कुराहरू खुलाई तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२६. **विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न सकिने :** (१) सङ्घीय सरकार वा नगरपालिकाबाट शिक्षक कर्मचारीको दरबन्दी प्राप्त नगरेका र भविष्यमा समेत सो प्राप्त नगरी विद्यालय सञ्चालन गर्न



नगर प्रमुख

राजी भएका विद्यालय व्यवस्थापन समितिले विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्नको लागि तोकिएका कुराहरू खुलाई तोकिएको अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा व्यवस्थापन समितिले तोकिएको सर्त पूरा गरेको देखिएमा तोकिएको अधिकारीले निवेदकलाई त्यस्तो विद्यालय एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न स्वीकृत दिन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम एकमुष्ट अनुदानको आधारमा सञ्चालन गर्न स्वीकृत विद्यालयमा कार्यरत शिक्षकको सेवा, सर्त र सुविधा विद्यालय व्यवस्थापन समितिले तोकेबमोजिम हुने छ । यस प्रकारका विद्यालयका शिक्षकलाई व्यवस्थापन समितिले तोके अनुसारको सञ्चय कोष र निवृत्तिभरण बापतको रकम समेत विद्यालयले नागरिक लगानी कोषमा जम्मा गर्नुपर्ने छ ।

२७. **विद्यालय व्यवस्थापन समिति :** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना- सदस्य

(ख) विद्यालय रहेको गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट सो वडा समितिले मनोनयन गरेको सदस्य - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी,विद्यालयलाई निरन्तर दश वर्षदेखि सहयोग गर्ने वा विद्यालयलाई दश लाख वा सो भन्दा बढी नगद वा जिन्सी सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना- सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एकजना- सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक- सदस्य-सचिव

(२) विद्यालयस्तरीय बाल क्लबले मनोनयन गरेको एक छात्र र एक जना छात्रा गरी दुई जना आमन्त्रित सदस्य हुनेछन् ।

(३) बृद्धिजिवी र शिक्षा प्रेमीको मनोनयन गर्दा विद्यालय संचालित कक्षा भन्दा शैक्षिक योग्यता बढी हुनुपर्नेछ ।

(४) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा चालिस प्रतिशत सदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तिमा एक जना अपाङ्गता भएका व्यक्ति सदस्य हुनेछन् ।

(५) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा १ को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरु मध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ ।

(६) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिको ज्येष्ठ सदस्यले सो समितिको अध्यक्षता गर्नेछ ।

(७) विद्यमान व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गर्नुपर्ने छ ।

(८) व्यवस्थापन समिति गठनसम्बन्धी अन्य प्रक्रिया तोकिए बमोजिम हुनेछ ।



नगर प्रमुख

(९) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :-

(क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरू मध्येबाट विद्यालयले सिफारिस गरेका व्यक्ति मध्येबाट नगर शिक्षा अधिकारीले मनोनित गरेको व्यक्ति - अध्यक्ष

(ख) सम्बन्धित वडाको वडा अध्यक्ष वा अध्यक्षले तोकेको वडा सदस्य एक जना - सदस्य

(ग) अभिभावकहरू मध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना - सदस्य

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य

(ङ) सम्बन्धित विद्यालयका शिक्षकले आफूहरू मध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य

(च) विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव

(१०) उपदफा (१) र (३) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

(११) संस्थागत विद्यालय व्यवस्थापन समितिको अध्यक्ष हुन कम्तिमा स्नातक तह उत्तीर्ण गरेको व्यक्ति हुनुपर्ने छ ।

(१२) राजीनामा स्वीकृत गर्ने : व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्ने छ ।

(१३) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(१४) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२८. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने :** (१) कुनै विद्यालयको विद्यालय व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समितिलाई तोकिएको प्रक्रिया पुर्‍याई विघटन गर्न सक्ने छ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेस गर्ने मनासिब मौका दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ ।

२९. **विद्यालयको विनियम :** (१) प्रत्येक सामुदायिक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रक्रिया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको विनियम अभिभावक सभाबाट पारित गराई लागू गर्नुपर्ने छ ।

(२) अभिभावक सभाले विनियम आवश्यकतानुसार संशोधन गर्न सक्नेछ ।

(३) विनियम अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक लगायत सम्पूर्ण विद्यालय परिवारको कर्तव्य हुनेछ ।

(४) अद्यावधिक विनियमको प्रतिलिपि पारित भएको मितिबाट ७ दिनभित्र व्यवस्थापन समितिले नगरपालिका शिक्षा विकास तथा खेलकुद शाखा र सम्बन्धित वडा कार्यालयमा पेस गर्नुपर्ने छ ।

(५) विद्यालयको विनियम सार्वजनिक दस्तावेज हुने छ र सो सरोकारवाला जो कोहीले हेर्न पाउनेछ ।

३०. **नगरपालिका शिक्षा विकास कोष :** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक "नगर शिक्षा विकास कोष" रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) सङ्घीय सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त त्यस्तो विद्यालयको वार्षिक कूल आम्दानीको तोकिए बमोजिमको रकम,

(ग) चन्दा दाताबाट प्राप्त रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

३१. **कोष सञ्चालक समिति :** कोष सञ्चालक समिति र समितिको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

३२. **विद्यालय कोष :** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहायका रकमहरू रहनेछन्:-

(क) सङ्घीय सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त अनुदान,

(ख) नगरपालिका शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शूल्कबाट प्राप्त रकम

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखा परीक्षण तोकिए बमोजिम हुनेछ ।

३३. **नगरपालिकाले निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले शैक्षिक गुणस्तर वृद्धि गर्न आवश्यकता अनुसार विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनपालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

३४. **नगरपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्ने :** नगरपालिकाले सञ्चालन भइरहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटै विद्यालय कायम गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न सक्नेछ ।

३५. **विद्यालयको सम्पत्ति :** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा नगरपालिकाको निर्णय अनुसार उपयोग गरिनेछ ।



नगर प्रमुख

(२) शैक्षिक गुठीअन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा सङ्घ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि हनुमाननगर कंकालिनी नगरपालिकामा जानकारी दिनुपर्ने छ तर विदेशी व्यक्ति वा सङ्घ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नुअघि सङ्घीय सरकारको पूर्व स्वीकृति लिनुपर्ने छ।

(५) उपदफा (४) बमोजिम प्राप्त गरेको सम्पत्ति सङ्घीय सरकारको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन।

३६. **अनुमति वा स्वीकृति रद्द गर्ने :** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने छ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नुअघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३७. **विद्यालयको वर्गीकरण :** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिने छ।

३८. **विद्यालय शान्ति क्षेत्र हुने :** विद्यालयको अध्ययन अध्यापनमा प्रतिकूल असर पर्ने गरी कुनै गतिविधि गर्न पाइने छैन, विद्यालय शान्ति क्षेत्र कायम हुनेछ।

३९. **विद्यालयलाई सुरक्षित क्षेत्रको रुपमा कायम गर्नुपर्ने :** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रुपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नुपर्ने छ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नुपर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

४०. **शुल्कसम्बन्धी व्यवस्था :** (१) सङ्घीय सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शिक्षण शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले तोकिए बमोजिम आवश्यक व्यवस्था गर्ने छ।

(४) दृष्टिबिहीन बालबालिकालाई ब्रेल लिपि, बहिरा र स्वर वा बोलाई सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्न तोकिए बमोजिम व्यवस्था गरिनेछ।

(५) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(६) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनःसोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।



नगर प्रमुख

(७) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(८) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नुपर्ने छ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिनेछ ।

(९) कुनै विद्यालयले यस ऐन विपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनुपर्ने छ ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख पच्चिस हजार रूपैयाँ सम्म जरिवाना गर्न सक्नेछ ।

४१. **पदबाट हटाइने :** देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ :-

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार नब्बे दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ।

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले संस्थागत विद्यालयमा सञ्चालक भए वा संस्थागत विद्यालयमा अध्यापन गरेमा,

(च) विद्यार्थीलाई शारीरिक, मानसिक यातना दिने वा यौनजन्य दुर्व्यवहार गरेमा ।

४२. **स्थायी आवासीय अनुमति लिन नहुने :** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरुले स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई तोकिएबमोजिम सजाय हुनेछ ।

४३. **शैक्षिक योग्यता :** शिक्षकको लागि चाहिने शैक्षिक योग्यता तोकिएबमोजिम हुनेछ ।

४४. **शिक्षक विद्यार्थीको अनुपात मिलाउनुपर्ने :** नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी सङ्ख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नुपर्ने छ ।

४५. **शिक्षकलाई अन्य काममा लगाउन नहुने :** (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासनसम्बन्धी काममाबाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, प्रकोप उद्धार वा नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

४७. **अदालतको आदेसबाट पुनः बहाली हुन सक्ने :** (१) विभागीय सजाय भई नोकरीबाट हटाइएको वा बरखास्त भएको शिक्षक अदालतको आदेस वा फैसला बमोजिम मात्र नोकरीमा पुनःबहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनर्बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनर्बहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि पाउने भए सोसमेत पाउनेछ ।

४८. **सरुवा तथा काज सम्बन्धी व्यवस्था :** (१) नगरपालिका भित्र एक विद्यालयबाट अर्को विद्यालयमा तह तथा विषय मिल्ने दरबन्दी भित्र प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्न सक्नेछ ।



नगर प्रमुख

(२) स्थायी शिक्षक, अस्थायी शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीको सरुवा गरिनेछ ।

(३) शिक्षकको सरुवा प्रत्येक शैक्षिक सत्रको पहिलो महिनामा मात्र गरिनेछ ।

(४) एक पटक सरुवा भएको शिक्षकलाई त्यस विद्यालयमा दुई (२) वर्ष पूरा नगरी सरुवा गरिनेछैन ।

तर कुनै विद्यालयमा कार्यरत शिक्षक असक्त भई सो स्थानमा निजको उपचार हुन नसक्ने व्यहोरा नेपाल सरकारले तोकेको मेडिकल बोर्ड वा स्वीकृत चिकित्सकले सिफारिस गरेमो निजलाई जुनसुकै वखत पनि सरुवा गर्न सकिनेछ ।

(५) नगर शिक्षा समितिको स्वीकृति विना नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालयमा कुनै शिक्षक सरुवा भई आउन सक्नेछैन ।

(६) नगर शिक्षा समिति निर्माण नभएको वा समयावधि समाप्त भएको अवस्थामा कार्यालयलाई निर्णय गर्न वाधा पर्ने छैन ।

(७) शिक्षक तथा कर्मचारीको सरुवा तथा काज सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४९. **दरबन्दी मिलान :** (१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी वा आवश्यकताका आधारमा नगरपालिका भित्रको विद्यालयहरुबाट दरबन्दी अपुग भएको नगरपालिका भित्रको विद्यालयहरुमा रिक्त दरबन्दी वा शिक्षक सहितको दरबन्दी नगर शिक्षा अधिकारीको सिफारिसमा नगर शिक्षा समितिले सार्न र मिलान गर्न सक्नेछ ।

५०. **संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन :** (१) संस्थागत विद्यालयको नाम र स्थान परिवर्तन गर्नेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५१. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनुपर्ने :** (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तिमा दस प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

(२) उप दफा (१) बमोजिमको दस प्रतिशतलाई सय प्रतिशत मानी त्यसको पचास प्रतिशत रकम नगर शिक्षा विकास कोषमा जम्मा गर्नुपर्ने छ र बाँकी पचास प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम जेहन्दार, विपन्न, अपाङ्गता भएका व्यक्ति, महिला, दलित वा जनजाति विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा सम्बन्धित वडाको वडा अध्यक्ष वा निजले तोकेको वडा सदस्यको संयोजकत्वमा विद्यालयको प्रधानाध्यापक, नगरपालिका शिक्षा विकास तथा खेलकुद शाखाको सम्बन्धित क्षेत्र हेर्ने विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समितिमा रहेको अभिभावकको प्रतिनिधि समेत सदस्य रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ ।

(३) समितिले छनौटको लागि आधार, सर्त र प्रकिया तयार गरी सार्वजनिकसमेत गर्नुपर्ने छ ।

५२. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुने :** दफा ४१ मा उल्लिखित अवस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवा अवधिमा गणना समेत हुने छैन ।

५३. **कर्मचारी सम्बन्धी व्यवस्था :** (१) सामुदायिक विद्यालयमा नगरपालिकाले स्वीकृत गरे बमोजिमको सङ्ख्यामा कर्मचारीको दरबन्दी रहनेछ ।



चिरेन्द्र ...
नगर प्रमुख

(२) उपदफा (१) बमोजिमका कर्मचारी दरबन्दी, नियुक्ति, सरुवा सेवाको सर्त र सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५४. **बालबालिकालाई निष्कासन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने :** (१) कुनै पनि बालबालिकालाई तोकिएको अवस्थामा बाहेक विद्यालयबाट निष्कासन गर्न पाईने छैन ।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

५५. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालन गर्न अनुमति लिनुपर्ने :** (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा सञ्चालन गर्न अनुमति लिनेसम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

५६. **प्रगति विवरण बुझाउनुपर्ने :** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण शिक्षा विकास तथा खेलकुद शाखा र सम्बन्धित वडा कार्यालयमा बुझाउनुपर्ने छ ।

५७. **दण्ड सजाय :** (१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारीले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी एक लाख रूपैयाँसम्म जरिवाना हुनेछ :-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैरजिम्मेवारपूर्ण कार्य गरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) अरूकोतर्फबाट परीक्षा दिएमा,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(छ) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्वतयारी कक्षा सञ्चालन गरेमा ।

(३) उपदफा (१) र (२) (क) बमोजिमको कसूरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐनबमोजिम विभागीय सजाय गरिनेछ ।

(४) उपदफा (१) र उपदफा (२) मा लेखिएदेखि बाहेक कसैले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम उल्लङ्घन गरेमा तोकिएको अधिकारीले देहायबमोजिम सजाय गर्न सक्नेछ :-

(क) विद्यालयका शिक्षक वा कर्मचारीलाई विभागीय सजाय गर्ने,



विरेन्द्र [illegible]
नगर प्रमुख

(ख) विद्यार्थीलाई विद्यालय वा छात्राबास वा परीक्षाबाट निष्कासन गर्ने,

(ग) कसूरको मात्रा हेरी एक हजार रूपैयाँदेखि एक लाख रूपैयाँसम्म जरिवाना गर्ने,

(घ) विद्यालयलाई नगरपालिकाको सहायता घटाउने, रोक्ने वा बन्द गर्ने,

(ङ) विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने ।

५८. **नियम बनाउने अधिकार :** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल प्रभाव नपर्ने गरी सो नियमद्वारा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछ :-

(क) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना,

(ख) विद्यार्थीलाई लाग्ने शुल्क र सो असुल गर्ने तरिका,

(ग) विद्यालयलाई दिइने अनुदान,

(घ) विद्यालयको परीक्षा,

(ङ) विद्यालयको अतिरिक्त कार्यकलाप र कार्यक्रमको निर्धारण,

(च) विद्यालयका शिक्षक तथा कर्मचारीको शपथ ग्रहणसम्बन्धी,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तरिका र विद्यार्थीहरूको सङ्ख्या,

(ज) विद्यालयको सम्पत्तिको सुरक्षा,

(झ) विद्यालयको छात्राबास चलाउने,

(ञ) विद्यालयको आय-व्ययको जाँच,

(ट) विद्यालयको किताब, बही र अन्य कागजात तयार गर्ने र राख्ने तरिका,

(ठ) विद्यालयको पाठ्यक्रम, पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री,

(ड) शिक्षक कर्मचारी तथा विद्यार्थीहरूको आचारसंहिता,

(ढ) विद्यालयको पुस्तकालय र वाचनालय,

(ण) सह-शिक्षा,

(त) शिक्षण तथा विद्यालय व्यवस्थापन तालिम,

(थ) प्रधानाध्यापकको नियुक्तिका लागि आवश्यक पर्ने योग्यता, काम, कर्तव्य र अधिकार तथा सुविधा,

(द) विद्यालयका शिक्षकहरूको सेवा सर्तसम्बन्धी,

(ध) विद्यालयका शिक्षकहरूको अध्यापन अनुमतिपत्र, परिचयपत्र र चिन्ह,

(न) विशेष शिक्षा,

(प) अनौपचारिक शिक्षा,

(फ) दूर शिक्षा तथा खुला शिक्षा,

(ब) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा,

(भ) अन्य आवश्यक कुराहरू,

(म) आवासीय विद्यालय सञ्चालन गर्ने,

(य) संस्थागत विद्यालयसम्बन्धी,

(र) कोचिङ क्लास, भाषा-शिक्षण कक्षा र निजी क्षेत्रमा सञ्चालित शिक्षक प्रशिक्षण कक्षा सम्बन्धी,

(ल) संस्थागत विद्यालयले उपलब्ध गराउनुपर्ने छात्रवृत्ति सम्बन्धी ।

५९. **संरक्षकको भूमिका :** नगरपालिका क्षेत्रभित्रका शिक्षा व्यवस्थापनका लागि प्रमुख संरक्षकको रुपमा रहनेछ ।

६०. **बाधा अड्काउ फुकाउने अधिकार :** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने निर्णय गरी स्थानीय राजपत्रमा सूचना प्रकाशित गर्नुपर्ने छ र सूचनालाई यसै ऐनको अङ्ग मानिनेछ ।

६१. **बचाउ र लागू नहुने :** (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोहीबमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

विरेन्द्र मामगी
नगर प्रमुख